माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७७ साल फाल्गुण १४ गते यस माण्डवी गाउँपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल गरियो ।**

**प्रस्तावहरु**

१. मार्सिवाङ खेलकुद मैदान निर्माणको ठेक्का सम्बन्धमा ।

२. माण्डवी गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्बन्धमा ।

३. माग आकृति फाराम पठाउने सम्बन्धमा ।

४. वजेट तथा कार्यक्रम संशोधन गरि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।

५. विविध

**निर्णयहरु**

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. ३ अवस्थित मार्सिवाङ खेलकुद मैदान निर्माणका लागि प्रदेश सरकारको शर्सत अनुदानबाट प्राप्त रु. ३० लाख तथा गाउँपालिकाबाट विनियोजित रकम रु. १५ लाख गरि जम्मा ४५ लाख रुपिया बरावरको ठेक्का प्रणालिबाट कार्यान्वियन गर्ने गरि सूचना प्रकासन गरि नियमानुसार कार्य अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७७ ले तोके बमोजिमको विस्तृत डिजाइन तथा लागत अनुमान तयार गरि मिति २०७७/०३/१३ गते राष्ट्रिय पत्रिकामा इ-टेण्डर मार्फत वोलपत्र आव्हान गर्ने गरि सूचना प्रकाशन गरिएको छ । मिति २०७७/०५/१० गते आँसू- मल्लरानी पि.पि. जे.भि संग मिति २०७८ असार मसान्त सम्म कार्य सम्पन्न गर्ने गरि सम्झौता गरिएको छ । कुल लागत अनुमान रु. ५,२७,०५,१५६/६१ ( मु.अ.कर सहित ) गरिएको उक्त प्रशासकीय भवन हाल सम्म २ तलाको ढलान कार्य सम्पन्न भईसकेकाले, समयमै कार्य सम्पन्न हुने हुँदा उक्त कार्यका लागि आवश्यक पर्ने रकम मागका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाडौंमा पठाउने निणय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश मुकाम, बुटवल नेपालको च.नं. २१५ मिति २०७७/०९/१९ को प्राप्त पत्रानुसार स्वीकृत स्थायी दरबन्दि मध्ये पदपुर्ति गर्नुपर्ने विभिन्न सेवाका सहायकस्तर चौथो तहका प्राविधिक तथा अप्राविधिक पदहरुमध्ये गाउँपालिकामा रिक्त रहेका तपशिल बमोजिमका पदहरुमा माग आकृति फाराम भरि पठाउने निर्णय गरियो ।

तपशिल

| क्र.स | पद | सेवा | समुह | माग संख्या |
|---|---|---|---|---|
| १. | सहायकस्तर चौथो | प्रशासन | सामान्य प्रशासन | ३ जना |
| २. | सहायकस्तर चौथो | ईन्जिनियरिङ | असिस्टेन्ट सब-ई | ३ जना |
| ३. | सहायकस्तर चौथो | कृषि | कृषि | १ जना |
| ४. | सहायकस्तर चौथो | पशु | पशु | १ जना |

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिका आ.व. २०७७/०७८ को आठौ अधिवेसनमा विनियोजन भएका विविध आयोजना/कार्यक्रम तथा वजेट संशोधन गरि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आ.व. २०७७/०७८ मा केन्द्र सरकारबाट प्राप्त विशेष अनुदान र समपुरक अनुदान कार्यक्रम संचालनलाई ब्यवस्थित बनाउनका लागि आवश्यक पर्ने नीतिगत पहिचान गरि तपशिल बमोजिमका कार्यविधि लाई स्विकृत गरि कार्यविधिले तोके बमोजिम कार्य संचालन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

- अरङखोलामा बृहत कृषि पकेट क्षेत्र निर्माण संचालन कार्यविधि,२०७७
- माडिखोला र भिमरुकखोला करिडोरमा कृषि विशेष कार्यक्रम संचालन कार्यविधि,२०७७
- कोभिड-१९ रोगका कारण रोजगारी गुमाएका तथा बेरोजगार युवा लक्षित कार्यक्रम संचालन कार्यविधि,२०७७

...........................

प्रमाणित गर्ने

शिसिर रिजाल

प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत